# तिलोत्तमानगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, मंसिर महिना १० गते २०७६ साल (अतिरिक्ताङ्क २२**


**भाग : २**

**तिलोत्तमानगरपालिका**

तिलोत्तमा नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्वत् २०७६ सालको कार्यविधि नं. १८**

**कार्यविधिको नाम : नगर शिक्षाकोष संचालन कार्यविधि- २०७६**

**प्रस्तावना :** बालबालिकालाई गुणस्तरीय सिपमुलक शिक्षाप्रदान गर्नको लागि बालवालिका तथा शिक्षक सँग सम्बन्धित विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्नुपर्दछ । यस्ता शैक्षिक कार्यक्रम संचालन गर्नको लागि अन्यव्यवस्थापन सँगै बजेट व्यवस्थापन पनि महत्वपूर्ण हुन्छ । विभिन्न शैक्षिक क्रियाकलाप संचालन गर्नको लागि आवश्यक पर्ने बजेटका स्रोतहरु विभिन्न हुन्छन् । नगर शिक्षा कोष स्थापना गरी विभिन्न स्रोतबाट प्राप्त आम्दानिलाई सोही कोषमाजम्मा गरी शिक्षा समितिको निर्णयबाट शैक्षिक क्षेत्रमा लगानी गर्दा उपर्युक्त र सान्दर्भिक हुने भएकोले निम्नानुसारका शिर्षकहरुमा निम्नानुसारको सहयोग शुल्क उठाउन बाञ्छनिय भएकोले नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ। यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

| क्र.सं | शिर्षक | रकम | |
|---|---|---|---|
| १ | विद्यालय तह अनुमति | सामुदायिक | संस्थागत |
| | क) आधारभुत तह (कक्षा १ देखि ८) | २,००० | १०,००० |
| | ख) माध्यमिक तह (कक्षा९ देखि १२) | ४,००० | १५,००० |
| २ | कक्षा/विषय थप अनुमति | | |
| | क) आधारभुततह (कक्षा १ देखि ८) | १,००० | ६,००० |
| ३ | ख) माध्यमिक तह (कक्षा९ देखि १२ ) | २,००० | १०,००० |
| ४ | शिक्षक सरुवा सहमति | आन्तरिक | अन्तर जिल्ला |
| | (१)आधारभुत तह (कक्षा १ देखि ८) | ५०० | १००० |
| | (२) माध्यमिक तह (कक्षा९ देखि १२) | १००० | २००० |
| ५ | अभिलेख प्रमाणित (प्रतिलिपि समेत) | विद्यार्थी | शिक्षक |
| | | १०० | ५०० |
| ६ | करार शिक्षक नियुक्ति/ अनुमति सिफारिस | आधारभुत | माध्यमिक |
| | | १००० | २००० |
| ७ | विद्यालय नाम/स्थान परिवर्तन | आधारभुत | माध्यमिक |
| | | २०,०००( सामुदायिक) | २५,०००( संस्थागत) |

उपर्युक्त शिर्षकहरुबाट प्राप्त भएको रकमलाई आवश्यकता र उपर्युक्तताको आधारमा शिक्षा समितिबाट निर्णय गराई निम्नानुसारका शिर्षकमा खर्च गर्न प्रस्ताव गर्ने ।

१) शैक्षिक भ्रमण, तालिम, गोष्ठि संचालन, शैक्षिक बैठक संचालन, अतिरिक्त क्रियाकलाप संचालन, विभिन्न दिवस/समारोह सम्पन्न आदि ।

२) शिक्षक, विद्यार्थी तथा अभिभावकलाई सम्मान, पुरस्कार तथा छात्रवृत्ति व्यवस्थापन र सहयोग ।

३) विपदमा परेका बालबालिकाको उद्धार, पुनस्थापर्ना, तथा पारीवारीक पुर्नमिलन ।

३) शिक्षक/ कर्मचारी कल्याण कोष स्थापना ।

माथि उल्लेखित शिर्षक बाहेक निम्नानुसाारका क्षेत्रबाट प्राप्त हुने आम्दानिलाई समेत शिक्षा समिति कोषमा जम्मा गर्ने ।

क) नेपाल सरकारवाट प्राप्त अनुदान

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) स्थानिय सरकारबाट प्राप्त अनुदान

घ) अन्य संघ/ संस्थाबाट प्राप्त अनुदान ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७६/८/८**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**